# Bayfront Parkway सेन्ट्रल कोरिडर सुधार परियोजनाको न्यूजलेटर

Downtown Erie र Waterfront को बीचमा मजबुत सडक सञ्जाल बनाउने

pennsylvania
DEPARTMENT OF TRANSPORTATION

अगस्त 2022 अङ्क . 3 न. 2

# Bayfront Parkway परियोजनाका अद्यावधिकहरू खुला सभा कार्यक्रममा केन्द्रित

Pennsylvania Department of Transportation (PennDOT) र यसको डिजाइन साझेदार ms consultants, inc. ले यो महिना दुई खुला सभा कार्यक्रमको दौरान Bayfront Parkway सेन्ट्रल कोरिडोर सुधार परियोजनाका सम्बन्धमा नयाँ जानकारी प्रदान गर्ने छन् ।

"यो परियोजनामा, विशेष गरी Holland Street को पैदल यात्री पुल, राउन्डअबाउट र सौन्दर्यका अन्य पक्षहरूको बारेमा धेरै रूची देखिइएको छ । यो महत्त्वपूर्ण परियोजनाको निर्माण कार्य नजिकिँदै गरेकोले, हामी सर्वसाधारणहरूलाई हाम्रा योजनाहरूको बारेमा अर्को अध्यावधिक प्रदान गर्न चाहान्छौँ," PennDOT डिस्ट्रिक्ट 1 का कार्यकारी अधिकारी Brian McNulty, P.E. ले भन्नुभयो । .

"2021 का सार्वजिनक बैठकको सफलताबाट प्राप्त भएको जानकारी तथा ज्ञानको साथमा, सकेसम्म धेरै मानिसहरूसम्म पुग्न, हामी अन्तिम डिजाइनका सम्बन्धमा सर्वसाधरणसम्म पुग्ने प्रयासको दौरान फेरि पनि मिश्रित पद्धति प्रयोग गरिरहेका छौं," उहाँले भन्नुभयो ।

Erie Port Authority Building, 1 Holland Street, Erie मा, अगस्त 24, 2022, बुधवारका दिन, दिउँसो 3:00 बजे देखि बेलुका 7:00 सम्म, एउटा खुला सभा आयोजना गरिनेछ । सहभागीहरूलाई ठूलो सभाहल भित्र क्रमबद्ध रूपमा राखिएका बोर्डहरू पढ्न, डिजाइन टोलीका सदस्यहरूलाई तयारी प्रश्न सोध्न, र/वा छोटो टिप्पणी फाराम पूरा गर्न स्वागत गरिनेछ ।

अगस्त 24, 2022, बुधबारका दिन, बेलुका 5:00 देखि 6:00 बजेसम्म, खुला सभामा राखिएका बोर्डहरूको भर्चुअल यात्राका दौरान, Microsoft Teams को प्रत्यक्ष प्रसारण मार्फत, सोही जानकारी प्रस्तुत गरिनेछ ।

दुवै कार्यक्रमका लागि उपस्थित हुने हो वा होइन भनेर पुष्टि गरिरहनु पर्दैन । भर्चुअल विकल्पको लिङ्क www.BayfrontParkwayProject.com मा, www.penndot.gov/District1 मा, र परियोजनाको फेसबुक ग्रुप Bayfront Parkway Project मा उपलब्ध छ । कार्यक्रमको अगाड़ि वा दौरान उक्त लिङ्कमा क्लिक गरेर सहभागीहरू सजिलै भर्चुअल अनुभवको कार्यक्रममा छिर्न सक्छन् ।

भर्चुअल बैठक पछि, प्रस्तुतीकरणको भिडियो Bayfront Parkway परियोजनाको वेबसाइटमा डाउनलोड नभएसम्म, उक्त सत्रको रेकर्डिङ उपलब्ध हुनेछ र हेर्न सकिनेछ ।

बोर्डहरूका प्रतिलिपिहरू वेबसाइटमा पनि राखिनेछ ताकी सर्वसाधारणले बैठकका दौरान वा बैठक पछाडि हेर्न सकुन् ।

वेबसाइटमा टिप्पणी फारामको भर्चुअल संस्करण पनि राखिनेछ, जुन सर्वसाधारणहरू खुला सभा, भर्चुअल कार्यक्रममा उपस्थित भए वा नभए पनि, वा वसर्वसाधारणहरूले वेबसाइटमा भएको बोर्डहरू तथा जानकारी हेरे वा नहेरे पनि सर्वसाधारणका लागि खुला गरिनेछ ।

बोर्डहरूले Holland Street को पैदलयात्री पुल, निर्माणको प्रस्तावित समयसीमा तथा चरणहरू, तथा वातावरणीय पक्षहरू तथा अध्ययनहरू सहित परियोजनाका समग्र योजनाहरूको बारेमा नविनतम जानकारी प्रदान गर्ने छन् ।

"हामीले आशा गरेका छौं कि मानिसहरूले परियोजनाको बारेमा सुसूचित तथा अध्यावधिक रहन समय निकालेर खुला सभाको भ्रमण , भर्चुअल यात्रामा लग इन, वा वेबसाइटको भ्रमण गर्ने छन् । ," McNulty ले भन्नुभयो ।

## परियोजनाको महत्त्वपूर्ण मिति

- Bayfront Parkway सेन्ट्रल कोरिडोरको खुला सभा: अगस्त 24, 2022
- 12th Street को ट्राफिक सिग्नलको स्तरउन्नतीको काम नोभेम्बर 2022 मा सकिनेछ
- Bayfront Parkway सेन्ट्रल कोरिडोर परियोजनाको चरण 1: मुख्य निर्माण स्प्रिङ 2023 बाट हुने अपेक्षा गरिएको छ
- East Bayfront को पूरक परियोजना: 2023 2024 मा निर्माण जारी राखिने

**यो परियोजनाको उदेश्य भनेको Erie Central Business District र नजिकका ठाउँहरू देखि Bayfront Parkway को उत्तर तर्फको Waterfront हाता सम्म पैदल यात्री, साइकल, ट्रान्जिट, र यात्रुवाहक सवारीसाधनका लागि सडक सञ्जाल सुधार गर्नु, Bayfront Parkway मा व्यवहारिक भएसम्म दुर्घटना कम गर्नु, सेवाको स्वीकार्य स्तर वा ढिलाइ अनुसार भविष्यमा भीड सुधार गर्नु, र ट्राफिकको काम तथा प्रभावकारिता सुधार गर्नु हो ।**

# DMVA Home, Cemetery को पुल खुला गरिएको

Erie सहर को East Third Street मा अवस्थित Military and Veterans Affairs' (DMVA) को Pennsylvania Soldiers' and Sailors' Home (PSSH) को नजिकमा रहेको नयाँ पूल मे 17, 2022 मा आवातजावतको लागि खुला गरिएको छ ।

यो पुलले मोटर चालक, पैदल यात्री र साइकल चालकलाई होम र नजिकै रहेको Pennsylvania Soldiers' and Sailors' Cemetery (मसानघाट) र मेजर जनरल Anthony Wayne को ब्लकहाउसको बीचबाट कुद्रे CSX रेलमार्गको माथिबाट लैजान्छ ।

$2.7 मिलियन बराबरको यो परियोजना Bayfront Parkway सेन्ट्रल कोरिडोरको सहायक योजना हो ।

"हामीले Bayfront Parkway का सुधार कार्यहरूलाई सफल पार्न मिलेर काम गर्दै गर्दा पूलको उदघाटन, PennDOT, Erie सहर, तथा हाम्रा साझेदारहरूका लागि महत्त्वपूर्ण कदम हो," Multimodal Transportation का सहसचिव Jennie Louwerse ले भन्नुभयो । "हामीले सहरभरि पैदालयात्री तथा साइकिल चालकका लागि बाटो सुरक्षित बनाउने जुन काम निरन्तर रूपमा गरिरहेका छौं, यो उक्त कामको उदाहरण बनेको छ ।"

123 फुट लम्बाइ भएको यो पूलले State Street मा ग्रेड-सेपरेटेड इन्टरसेक्सन र Holland Street मा एउटा राउन्डअबाउट बनाउन बाटो दिँदै पार्कवेसँग समानान्तर रूपमा चल्ने रेलमार्गको ट्र्याकको एक खण्ड हटाउन दिन्छ । यसले भविष्यमा रेलवे कार स्टोरेज अटाउनका निम्ति उक्त क्षेत्रमा ट्र्याकको सङ्ख्या बढाउन CSX का लागि पनि ठाउँ प्रदान गर्छ र त्यहाँ राखिएको एउटै सतहबाट पार हुने बाटोको आवश्यकतालाई हटाउँछ ।

"PennDOT ले Bayfront Parkway जस्तो ठूला परियोजनाको जिम्मा लिएको समयमा, हामी सर्वाङ्गीण दृष्टिकोण प्रयोग गर्छौं जसमा धेरै योजना साझेदारहरू संलग्न हुन्छन् र कोरिडोर बाहेकका कुराहरूको बारेमा विचार गर्नु पर्दछ, र साथै यसले नजिकका सडकहरू तथा यायाताका समग्र आवश्यकताहरूमा कस्तो प्रभाव पार्छ भन्ने बारेमा विचार गर्नु पर्दछ," PennDOT को उत्तरपश्चिमी क्षेत्रका जिल्ला अधिकारी Brian McNulty, P.E. ले भन्नुभयो । "यो पुल चालू कामको एउटा उदाहरण हो – जसले यो क्षेत्रको आवतजावतलाई सुधार गर्दै गर्दा State Street मा सुरक्षा र प्रभावकारिता सुधार गर्ने क्षमता पनि प्रदान गर्छ"



**नयाँ पुलको उद्घाटन समारोह मे 25 मा आयोजना गरिएको थियो ।**

यो परियोजनाको ठेकेदार Fairview, PA को Chivers Constriction Company हो । डिजाइन परामर्शदाता Pittsburgh, PA को ms consultants हो ।

"यस पुलको लागि धन्यवाद, प्रियजनहरू र समुदायका सदस्यहरूले Pennsylvania Soldiers' and Sailors' Cemetery (मसानघाट) मा आउनजान सुरक्षित र सजिलो बाटो पाएका छन्," PSSH का कमाण्डेन्ट Cheri Spacht ले भन्नुभयो ।

"मसानघाट गृहयुद्ध देखि हाम्रो देशलाई सेवा प्रदान गर्दै आएका अवकासप्राप्त सैनिकहरूको अन्तिम विश्राम स्थल हो र हाम्रो स्वन्त्रताका रक्षकहरूलाई सम्मान गर्न चाहेका व्यक्तिहरूले प्रायः यो ठाउँको भ्रमण गर्छन् । यो पुल मेजर जेनरल Anthony Wayne को Blockhouse सँग पनि जोडिन्छ, जहाँ प्रत्येक वर्ष हजारौं मानिसहरू भ्रमणका लागि आउँछन् । हामी PennDOT सँगको साझेदारी र सुधार परियोजनाका समग्र योजनाहरूमा यी क्षेत्रहरूको सडक सञ्जाललाई समेट्ने तत्परताका प्रति आभारी छौं ।"

जारी कार्यका तस्विरहरू सहित Soliders' and Sailors' पुल को बारेमा थप जानकारी www.penndot.pa.gov/District1 मा फेला पार्न सकिन्छ ।

## 12th Street परियोजना

इन्टरस्टेट 79/Lincoln Street को उत्तरी अफ र्‍याम्प देखि Wayne Street सम्म, 12th Street (Route 5) को 22 वटा इन्टरसेक्सनको ट्राफिक सिग्नल रिटाइम तथा अपग्रेड गर्ने परियोजनाको मुख्य निर्माण कार्य सकिन लागेको छ ।

अप्रिलबाट काम सुरु भएको थियो र नोभेम्बरमा मुख्य निर्माण सकिनेछ भनेर अपेक्षा गरिएको छ ।

यो परियोजनामा फ्ल्यासिङ येलो लाइट, ADA कर्ब र्‍याम्प, सुधारिएको सिग्नल समन्वय सहित सवारीसाधन तथा पैदलयात्रीहरूको लागि सिग्नलको सुधार समेटिएको छ । यसमा इन्टरस्टेट 79 र इन्टरस्टेट 90 मा इलेक्ट्रोनिक मेसेज बोर्ड राख्ने कुरा पनि समेटिएको छ ।

यो कामको ठेक्का Carnegie, PA मा रहेको Power Contracting Company ले पाएको छ ।

तपाईंलाई यो परियोजनाको बारेमा के कुरा मन परेको छ वा तपाईंसँग सरोकारको विषय छ भने, www.BayfrontParkwayProject.com or www.PennDOT.gov/District1 मा गएर वा PennDOT का परियोजना प्रबन्धक Tom McClelland, P.E. लाई 814-678-7081 वा thmcclella@pa.gov.मा सम्पर्क गरेर हामीलाई भन्नुहोस् ।